# नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

## बालुवाटार, काठमाण्डौं

## लिलाम बढाबढ गरी पुराना टुटफुट भएका सामान लिलाम बिक्रि गर्ने सम्बन्धी दरभाउपत्र कागजात

**प्रथम पटक सूचना प्रकाशित मितिः** २०७९/०७/२७

**लिलाम दरभाउपत्र खरिद गर्ने अन्तिम मितिः** २०७९/०८/११

**लिलाम दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिः** २०७९/०८/१२ दिनको १२:०० बजे

**लिलाम दरभाउपत्र खोलिने मितिः** २०७९/०८/१२ दिनको २:०० बजे

दरभाउपत्र फारम खरिद गर्ने फर्म/ब्यक्तिको नामः

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

बालुवाटार, काठमाण्डौ ।

**लिलाम बढाबढ गरी पुराना टुटफुट भएका सामान बिक्रि गर्न**

**दरभाउपत्र आह्वान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०७/२७

यस कम्पनीमा रहेका पुराना फर्निचर सामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्रि गर्नु पर्ने भएको हुनाले इच्छुक कम्पनी, व्यक्ति वा फर्महरूले निम्न शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

१. दरभाउपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको ४:०० बजेसम्म यस कम्पनीको जिन्सि शाखाबाट रू.३००(अक्षरूपी तीन सय मात्र) फिर्ता नहुने गरी तिरी खरिद गर्न सकिने छ ।

२. सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजेभित्र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीको जिन्सि शाखामा दर्ता गराई सक्नु पर्नेछ ।

३. दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको २:०० बजे कम्पनीमा उपस्थित फर्म, व्यक्ति/कम्पनी र अन्य प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । तर प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. कबोल अङ्कको ५ प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्नेछ । नगद धरौटी सिद्धार्थ बैंक लिमिटेड पुरानो बानेश्वर कम्पनीको खाता नं. ०१०१५१०५०९० मा पनि जम्मा गर्न सकिनेछ ।

५. दरभाउपत्र फारमसाथ व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र फर्म/कम्पनीको हकमा फर्म दर्ता, मूल्य अभिबृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्तापत्रको प्रमाणित प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।

६. कम्पनीको आर्थिक प्रशासन तथा खरिद व्यवस्था सम्बन्धी विनियमावली, २०६९ बमोजिम रित नपुगी आएको सिलबन्दी दरभाउपत्रहरू उपर कुनै कारवाही गरिने छैन ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहने छ ।

८. माथि उल्लेखित शर्तहरू बाहेक अन्य कुराहरू प्रचलित कानून अनुसार हुनेछ ।

९. मालसामानको कुल न्यूनतम मूल्याङ्कनदेखि माथि मात्र कबोल अङ्क लेख्न सकिने छ ।

१०.दरभाउपत्र फारम खरिद गर्ने, बुझाउने र खोल्ने दिन सार्वजनिक विदा परेमा तत् तत् अनुरूपको कार्य कार्यालय खुलेका दिन हुनेछ ।

११.दरभाउपत्र स्वीकृत भएपछि सम्पूर्ण रकम एक हप्ताभित्र कम्पनीको बैंक खातामा दाखिला गरी सम्झौता गर्नुपर्ने र सम्झौताको ७ औं दिनभित्र सम्पूर्ण सामान आफ्नै खर्चमा उठाइ लैजानु पर्नेछ ।

COPY

१२.यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा सामान हेर्नु परेमा कार्यालय खुलेको समयभित्र कम्पनीको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।

श्रीमान महाप्रबन्धकज्यू,

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड,

बालुवाटार, काठमाण्डौ ।

श्रीमान्,

तहाँ कम्पनीबाट लिलाम हुने मालसामानहरू बिक्रि गर्नको लागि सूचना प्रकाशित भए बमोजिम सिलबन्दी दरभाउपत्र पेश गरेको छु ।

हाम्रो कवोल अङ्क यसैसाथ संलग्न दरभाउपत्र फाराममा उल्लेख गरिएको छ । हामी उल्लिखित सामानहरू यसै फाराममा उल्लिखित शर्तहरूका अधिनमा रही खरिद गर्ने छु/छौं । धरौटी रकम रू. ......... जम्मा गरी त्यसको सक्कलै भौचर यसैसाथ पेश गरेको छु/छौं ।

निवेदक

नामः

पदः

हस्ताक्षरः

मितिः

कम्पनीको नामः

पूरा ठेगानाः

फोन नं.

कम्पनीको छापः

COPY

## दरभाउपत्र फाराम भर्दा अपनाउनु पर्ने शर्तहरू

आर्थिक प्रस्तावमा

१. यस कम्पनीको खातामा सूचनामा उल्लेख भए बमोजिम दरभाउपत्रदाताले कबोल गरेको रकमको ५ प्रतिशत (पाँच प्रतिशत) ले हुने रकम दाखिला गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

२. दरभाउपत्रदाताले कबोल गरेको रकम यस कम्पनीमा दाखिला गरी सम्झौता भए पश्चात ७ (सात) दिनभित्र सामान उठाई लैजानु पर्नेछ । सो अवधिमा लिलाम सकार नगरेमा धरौटी जफत गरिने छ ।

३. दरभाउपत्रदाताले आफूले खरिद गरेको दरभाउपत्रको बोल अङ्क फारम मै बोल अङ्क भरी दरभाउपत्रको हरेक पानामा छाप र हस्ताक्षर सहित बुझाउनु पर्नेछ ।

४. दरभाउपत्रको फाराम साथ संलग्न शर्तमा उल्लेख भएका कुराहरूको हकमा उल्लेख भए बमोजिम हुने र यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा कम्पनीको आर्थिक प्रशासन तथा खरिद व्यवस्था सम्बन्धी नियमावली, २०६९ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

COPY

# नेपाल पारवहन तथा गोदाम कम्पनी लिमिटेड
## प्रधान कार्यालय, बालुवाटार, काठमाण्डौ ।

**पुराना मालसामान लिलाम बिक्रि गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७९/०७/२७)

यस कम्पनीका पुराना जिन्सी मालसामान लिलाम बढाबढ प्रक्रियाबाट लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति/फर्मले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र लिलाम बढाबढ फाराम खरिद गरी १६ औं दिनको १२:०० बजेभित्रमा लिलाम बढाबढ फाराम दर्ता गरिसक्नु हुन र विस्तृत जानकारीको लागि कम्पनीको website www.nepaltransit.com हेर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।सम्पर्क नं. ०१४४३८२४७

COPY

नेपाल पारवहन तथा गोदाम कम्पनी लिमिटेड

बालुवाटार, काठमाण्डौ ।

लिलाम बढाबढ गरी पुराना टुटफुट भएका सामान लिलाम बिक्रि गर्ने प्रयोजनका लागि

# बोल अङ्क फाराम

| सि.नं. | विवरण | जम्मा मूल्याङ्कन रकम | बोल अङ्क रकम रू. | | ५% ले हुने नगद धरौटी रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अङ्कमा | अक्षरमा | | |
| १. | संलग्न लिष्ट बमोजिम सि.नं. १ देखि १८ सम्म | रू.१८३२५।०० | | | | |

बोलपत्रदाताको नाम र ठेगानाः

फर्म भए सोको नाम र ठेगानाः

दस्तखतः

मितिः

COPY

**नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड**

**बालुवाटार, काठमाण्डौ**

लिलाम बिक्रि गर्ने प्रयोजनका लागि

मालसामानहरूको सूची (लिष्ट)

| सि.नं. | **सामानको नाम सूची** | **सामानको परिमाण** | **इकाई** | **कैफियत** |
|---|---|---|---|---|
| १ | स्टिल दराज ठुलो | ५ | थान | |
| २ | सोफा सेट | ६ | सिट | |
| ३ | रिभल्विङ कुर्सि | ९ | थान | |
| ४ | कुर्सि सादा काठको | १४ | थान | |
| ५ | भिजिटिङ कुर्सि | ४ | थान | |
| ६ | टि टेवल | २ | थान | |
| ७ | अफिस टेवल | ६ | थान | |
| ८ | सूचना पाटी | १ | थान | |
| ९ | स्टिल बुक दराज | १ | थान | |
| १० | प्लास्टिक कुर्सि | ४ | थान | |
| ११ | मिटिङ टेवल | १ | थान | |
| १२ | काठको खाट | १ | थान | |
| १३ | स्टिल दराज सानो | ६ | थान | |
| १४ | स्टिल कुर्सि | ६ | थान | |
| १५ | कम्प्युटर टेबल | १ | थान | |
| १६ | स्टिल सेफ | १ | थान | |
| १७ | टिनको पाता | २ | थान | |
| १८ | काठको ढोका | १ | थान | |
| | जम्मा | ७१ | | |

COPY